# वीरगंज महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**प्राकृतिक श्रोत निकासी दस्तुर (नदी जन्य ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा, माटोमा विक्री तथा निकासी दस्तुर ठेक्कामा लगाउने सम्वन्धि**

**३० दिने बोलपत्र आव्हनको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७५/०४/...गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-०३ दफा-११ को उपदफा-०२(घ) र वीरगञ्ज महानगरपालिकाको आर्थिक ऐन, २०७५ को **दफा-१४ अनुसूचि-१३** वमोजिम तपसिलमा उल्लेखित आय शिर्षकमा आ.व.२०७५/०७६ को असोज १ गते देखि जेठ मसान्त सम्म ९ महिनाको लागि वी.म.न.पा.वडा नं.३१ वेल्वा स्थित भेडाहा खोलावाट नदी जन्य पदार्थ .ढुङ्गा, गिटी, वालुवा, ग्राभेल रोडा आदी उत्खनन गरी विक्री तथा निकासी वापत राजस्व असूली गर्ने सन्दर्भमा वी.म.न.पा.को मिति २०७५/०४/२४ गतेको निर्णय अनुसार प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, फर्म वा संस्थाले बोलपत्र पेश गर्नु हुन सूचित गरिएको छ । यस सम्वन्धी शर्तहरु बुझ्नु परेमा वीरगञ्ज महानगरपालिकाको राजस्व प्रशासन महाशाखामा सम्पर्क राख्न हुन सूचित गरिन्छ । साथै ठेक्का सम्वन्धी शर्त एवं कार्यविधि सम्वन्धी विस्तृत विवरण बुझ्नु परेमा यस कार्यालयको वेभसाईड birgunjmun.gov.np वाट डाउनलोड गरी समेत हेर्न सक्नु हुनेछ ।

**<u>शर्तहरु</u>**

१. बोलपत्र सम्बन्धी कागजातको सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र चालु आ.व.को लागि नवीकरण गरेको इजाजत पत्र, आयकर दर्ता पमाण पत्र एवं मु.अ.कर (भ्याट) दर्ता प्रमाण पत्र, आन्तरिक राजस्व विभाग बाट प्राप्त कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि निवेदन साथ रु३,०००/- (तिन हजार रुपैंया) दस्तुर (फिर्ता नहुने गरी) यस वीरगंज महानगरपालिका कार्यालयबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

२. शिलवन्दी बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलि पल्ट दिनको १:०० वजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । तोकिएको समय भित्र दर्ता हुन आएका शिलवन्दी बोलपत्र सोही दिन,दिनको ३:०० वजे बोलपत्रदाता स्वयंम वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा वी.म.न.पा, नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

३ बोलपत्र साथ आफूले कबुल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं.१२५०३०३००७१०३ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको सूचनामा ९० दिन म्याद भएको विडबण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ । ठेक्का स्वीकृत भए पश्चात सो विडवण्डलाई परफरमेन्स वण्डमा परिणत गरी पेश गर्नु पर्नेछ ।

४ बोलपत्रमा आफूले कबुल गरेको अंक र अक्षर दुवैमा स्पष्ट रुपले उल्लेख गर्नु पर्नेछ । केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईने छ ।

५ बोलपत्र दाखिला गर्दा खाममा राखी शिलवन्दी खामको वाहिर यस कार्यालयको नाम र बोलपत्रको शिर्षक स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

६. बोलपत्रदाताले शिलवन्दी वोलपत्रसाथ Line Of Credit र विगत २ वर्षको वासलातमा नाफा भएको लेखापरिक्षणको प्रतिवेदनवाट प्रमाणित भएको हुनु पर्नेछ ।

७ शिलवन्दी वोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

८ वोलपत्र साथ नागरिकताको प्रमाणपत्र, न.पा.को व्यवसाय प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, एकीकृत सम्पतिकर एवं अन्य व्यवसाय भए सो को चालु आ.व. सम्म कर तिरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ । वोलपत्र सम्वन्धी थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयको राजश्व प्रशासन महाशाखाबाट बुझ्न सकिनेछ ।

९ यो बोलपत्रमा उल्लेख नभएका बुंदाहरुको हकमा स्थानीय सकार सञ्चालन ऐन, २०७४, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र वीरगञ्ज महानगरपालिकाको आर्थिक ऐन, २०७५ अनुसार हुनेछ ।

१० किस्ता रकमलाई त्रैमासिक रुपमा विभाजन गरी दाखिला गर्नु पर्नेछ । ठेक्का सकार अंकको रकम एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिईने छ । वन्द हड्ताल वा अन्य दैवी प्रकोप देखाई मिनाहा मांग गर्न पाईने छैन । मिनाहा दिईने पनि छैन ।

११ पहिलो किस्ता बरावरको रकम अग्रिम रुपमा दाखिला गरी वांकी **ठे**क्का अंक वरावरको १५ महिना म्याद भएको बैंक ग्यारेण्टी पेश गरेपछि मात्र शर्त कबुलियत गरिनेछ ।

१२ ठेक्का अवधि २०७५ साल असोज १ गते देखि २०७६ जेठ मसान्त सम्मको लागि कायम हुनेछ र कर उठाउन पाउने दररेट र स्थान वोलपत्रमा उल्लेख हुनेछ ।

१३. ठेक्का सकार अंकको नेपाल सरकारलाई बुझाउनु पर्ने मुल्यअभिबृद्धि कर र बी.म.न.पा.लाई बुझाउनु पर्ने ठेक्का कर तिरेको प्रमाण शर्त कवुलियत हुनु अगावै पेश गर्नु पर्नेछ ।

१४. ठेक्का सम्वन्धी कुनै विवाद भएमा म.न.पा.ले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

**तपसिल**

| **ठेक्का नं.** | **आय शिर्षक** | **न्यूनतम अंक (९ महिनाको लागि)** | **बोलपत्र दस्तुर (पछि फिर्ता नहुने)** |
|---|---|---|---|
| १/०७५/७६ | **ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा, माटो आदी ।** | रु.१,००,००,०००/- | ३,०००/- |